नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #९६

९ असोज २०७७

| २०७७ बैशाख १ देखि असोज ८ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २८७ | ७० | २२१ | ३९ | ४० | ११ | ६५ | ० | २०४ | **३९१** | **११०** | **४३६** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज ८ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २८५ | ७० | २२० | ३६ | ३९ | ९ | ३५ | ० | ८५ | **३५६** | **१०९** | **३१४** |
| **२०७७ असोज ८ देखि ९ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | अबिरल वर्षा | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ३ | ७ | **१०** | ० | ० | **०** | ० | ० | **०** | **३** | ७ | **१०** |

# दैनिक विपद् बुलेटिन

८ असोज विहान १०:०० बजेदेखि ९ असोज बिहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर आज १७ स्थानमा **अबिरल वर्षा**, १० स्थानमा **पहिरो**, ४ स्थानमा **आगलागी**, २ स्थानमा **बाढी**का घटना घटेका छन् । यी घटनामा परेर १० जनाको **मृत्यु**, १ जना **बेपत्ता**, १२ जना **घाईते** भएका छन् । यी घटनाबाट **३४ लाख ३० हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १० | १ | ३३ | १२ | ३४,३०,००० | ० | २४ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **३३** वटा घट्ना भएका छन् ।
- **स्याङ्जा**को थप बिवरण मिति २०७७।०८।०८ गते वालिङ नगरपालिका वडा नं १४ तमादिस्थित एक घर माथिबाट पहिरो आई घर र गोठ पुरिदाँ बेपत्ता भएका **थप ८ जनाको शव फेला** ।
- **बाग्लुङ्ग**को थप बिवरण मिति २०७७।०६।०७ गते काठेखोला गाउँपालिका वडा नं २ बास्कोटस्थित एक गोठ पहिरो आई पुरीदा बेपत्ता रहेका **१ जनाको शव फेला** ।
- **नवलपरासी पूर्व**को बिनयी त्रिवेणी गाउँपालिका वडा नं २ पूर्व पश्चिम राजमार्गमा **पहिरो** आई पूर्वबाट पश्चिम तर्फ जाँदै गरेको बसमा लाग्दा बस सडकबाट तल झर्न गई बसमा सवार **१ जना यात्रुको मृत्यु, ६ जना घाईते** ।
- **ललितपुर**को थप बिवरण मिति २०७७।०६।०८ गते बागमती गाउँपालिका वडा नं ३ पाङ्दुरडोल स्थित सडक बिभागको रोकी राखेको वा २ ख ५१५५ र वा ५ ख ५७१२ नम्बरको २ वटा टिफर, प्रदेश नं ३ .०२.०१२ प ५४९७ को मोटरसाइकल **पहिरो** आई पुरिदा **५ जना घाईते** ।

## घट्ना सारांश...

- **चितवन**को खैरहनी नगरपालिका वडा नं १० फफेनीस्थित ढुङ्ग्रे खोलाले बर्ष ६५ को फिका चौधरीलाई **खोला तर्ने क्रममा बगाई बेपत्ता** ।
- **तनहुँ**को भिमाद नगरपालिका वडा नं २ सालिमेस्थित एक गोठ **अबिरल बर्षा**का कारण भत्कन जाँदा **१ जना घाईते,** १ वटा भैसी र १ वटा बाख्राको मृत्यु ।
- **धनकुटा**को चौबिसे गाउँपालिका वडा नं २ घिसिङबारीस्थित एक घरको पुर्व पट्टि रहेको माटोको ढिस्को **अबिरल बर्षा**को कारण भत्किन गई घर आँशिक रुपमा भत्किदा **३० हजार रुपैंया** बराबरको क्षति । महालक्ष्मी नगरपालिका वडा नं ४ चानुवास्थित एक गोठ **अविरल बर्षा**को कारण भत्किई ३ वटा बाख्राको पुरिएर मृत्यु हुँदा **१ लाख ५० हजार रुपैंया** बराबरको क्षति । धनकुटा नगरपालिका वडा नं ९ ढोडेनिस्थित २ वटा घर **अविरल बर्षा**को कारण चर्कि बस्न नमिल्ने भएको ।
- **इलाम**को माङसेबुङ गाउँपालिका वडा नं १ साङरिङस्थित एक घर माथिबाट **पहिरो** आई घरको गाह्रो पुर्णरुपमा लडि **४ लाख रुपैंया** बराबरको क्षति ।
- **सोलुखुम्बु**को महाकुलुङ गाउँपालिका वडा नं ४ तुमाउस्थित एक घरमा बिधुत सर्ट भई **आगलागी** हुँदा **१ लाख ४५ हजार रुपैंया** बराबको क्षति ।
- **सुनसरी**को बराहक्षेत्र नगरपालिका वडा नं ९ हिडलुबा चोकस्थित एक घरमा बिधुत सर्ट भई अचानक **आगलागी** हुँदा अन्नपात, लत्ताकपडा, भडाबर्तन, फर्निचरको सामान जलि **३ लाख ५० हजार रुपैंया** बराबरको क्षति ।
- **सर्लाही**को हरिपुर्वा नगरपालिका वडा नं ४ साहपुरस्थित एक घर **बर्षा**को कारणले पुर्णरुपमा क्षति हुँदा **३ लाख रुपैंया** बराबरको क्षति ।
- **रौतहट**को गढिमाई नगरपालिका वडा नं ३ लक्ष्मिपुरस्थित २ जनाका घर **अबिरल वर्षा**को कारण पूर्णरुपमा भत्किदा **३ लाख रुपैंया** बराबरको क्षति । गरुडा नगरपालिका वडा नं ५ शिवनगरस्थित २ वटा घर **अबिरल वर्षा**को कारण भत्किदा **१ लाख ७० हजार रुपैंया** बराबरको क्षति । परोहा नगरपालिका वडा नं ३ तेजापाकड र लौकाहास्थित २ वटा कच्ची घर **अबिरल वर्षा**को कारण भत्किदा घर भित्र रहेको अन्नपात लत्ताकपडा गरी **५ लाख ३० हजार रुपैंया** बराबरको क्षति ।
- **बारा**को पचरौता नगरपालिका वडा नं १ पिपरपाती टोलस्थित २ वटा घर **अबिरल बर्षा**को कारण पुर्णरुपमा भत्किई **१ लाख ८० हजार रुपैंया** बराबरको क्षति । सिम्रौनगढ नगरपालिका वडा नं ८ एक घर **अबिरल बर्षा**को कारण पुर्ण रुपमा भत्की **५० हजार रुपैंया** बराबरको क्षति । पचरौता नगरपालिका वडा नं ४ गुलरीयास्थित एक घर **अबिरल बर्षा**को कारण आंशिक रुपमा भत्किई **१ लाख रुपैंया** बराबरको क्षति ।
- **काठमाडौं**को चन्द्रागिरी नगरपालिका वडा नं ११ सतुंगलस्थित एक धुप ईन्ड्रष्ट्रीजमा अगरबत्ति सुकाउने ओभन तातिई **आगलागी** ।अन्य विवरण आउन बाँकि ।
- **गुल्मी**को सत्यवती गाउँपालिका वडा नं ३ गेजास्थित एक गोठ **अबिरल बर्षा**को कारण भत्किँदा गोठमा रहेको १ वटा भैसीको मृत्यु ।
- **रुपन्देही**को बुटवल उपमहानगरपालिका वडा नं १७ रानीगंन्जस्थित तिनाउ खोलाको किनारमा रहेका एउटा घर र एउटा शौचालय खोलामा आएको **बाढी**ले बगाएको । लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं २ भर्तापुरस्थित दानब नदीमा **बर्षा**को कारण पानीको बहाब बढ्न गई २ वटा कच्चि घर पूर्ण क्षति र एक घर आंशिक क्षति ।
- **प्युठान**को प्यूठान नगरपालिका वडा नं ८ खप्रिङखोला स्थित एक कच्ची गोठ **पहिरो** आई पुरिदा १ वटा भैंसीको मृत्यु ।
- **अर्घाखाँची**को भुमिकास्थान नगरपालिका वडा नं ९ भुजेलपानीस्थित एक गोठ **पहिरो** आई पुरिदा १ वटा भैसीको च्यापिएर मृत्यु । सन्धिखर्क नगरपालिका वडा नं ७ किटेनीस्थित एक गोठ **पहिरो** आई पुरिदा १ वटा भैंसी मृत्यु
- **जुम्ला**को हिमा गाउँपालिका वडा नं ४ स्थित एक कच्ची घर **अविरल वर्षा**को कारण भत्किन जाँदा घरमा भएको अन्नपात, लत्ताकपडा र भाडावर्तन पुरिएको र घरभित्र रहेको १० वटा खरायो च्यापिएर मरेको ।

## घट्ना सारांश...

- **पाल्पा**को रामपुर नगरपालिका वडा नं १ हागेपिपलस्थित एक गोठ **पहिरो** आई पुरिदा १ वटा बाख्राको मृत्यु । तिनाउ गाउँपालिका वडा नं ६ कोसस्थित एक गोठ र ट्वाईलेट **पहिरो** आई पुरिदा ४ वटा बाख्राको मृत्यु । माथागढी गाउँपालिका वडा नं ४ केरौलीस्थित श्री चित्रेछाप प्रा.बि.को भवनमा **पहिरो** झरी लाईबेरी सहित २ ओटा कोठा पुरिएको र नजिकै रहेको एक गोठ समेत पुरिन जाँदा ४ ओटा बाख्राको मृत्यु ।
- **कपिलवस्तु**को शिवराज नगरपालिका वडा नं १ पहिरा खोला नजिकै पुर्व पश्चिम राजमार्गमा बुटवलबाट प्युठान तर्फ जादै गरेको ५ नं प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको लु १ झ ४२२ नं को जिपमा माथिबाट **पहिरो** खसी पूर्णरुपमा क्षति ।मानविय क्षति नभएको ।
- **नवलपरासी पश्चिम**को रामग्राम नगरपालिका वडा नं १६ तोनवास्थित एक घर **अबिरल बर्षा**का कारण भत्किई **६० हजार रुपैंया** बराबरको क्षति । प्रतापपुर गाउँपालिका वडा नं ५ धरमौलीस्थित एक कच्ची घर **अबिरल बर्षा**को कारणले भत्किन जाँदा भाडाबर्तन, लत्ताकपडा गरी **१ लाख ४५ हजार रुपैंया** बराबरको क्षति।
- **पर्सा**को बिन्दबासिनी गाउँपालिका वडा नं २ बहुअर्वाभिठास्थित एक गोठघरमा लामखुट्टे धपाउन बालेको घुरबाट **आगलागी** हुँदा भैंसी-२, र बाख्रा-३ वटा जली मृत्यु भई **२ लाख रुपैंया** बराबरको क्षति ।
- **काभ्रेपलाञ्चोक**को पनौती नगरपालिका वडा नं ८ कपाललोटस्थित एक कच्ची घर **अविरल बर्षा**को कारण एक पाखो भत्किएको र घरभित्र रहेको लत्ताकपडा, अन्नपात गरी **३ लाख रुपैंया** बराबरको क्षति ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरोमा परी घाईते भएकाहरुलाई नजिकैको स्वास्थ्य उपचार केन्द्र पठाइ उपचार भइरहेको, बाढीबाट बेपत्ता भएकाको खोजी कार्य जारी, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको

## बाढी पूर्वानुमान

**असोज-०९ (शुक्रबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- **कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्ने तथा सतर्कता तलै हुने पूर्वानुमान छ । आज नारायणी र यसका सहायक नदीमा घट्ने भएपनि बहाव सतर्कता तल भन्दा केहि मात्र तल हुने पूर्वानुमान छ ।**
- **आज कन्काई, कमला, बागमती, पश्चिम रासी, बबई र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने र सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ । आज बागमती, कमला र यसका सहायक नदीको तराईको तटिय क्षेत्रमा बहाव सतर्कता आसपास वा सतर्कता भन्दा केहि मात्र तल हुने पूर्वानुमान छ ।**
- **आज प्रदेश १ को ईलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, धनकुटा, प्रदेश २ सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, बागमती प्रदेशको सिन्धुली, मकवानपुर, चितवन, धादिङ भई बहने साना नदी जलाधारको केही स्थानमा मध्यम भारी बर्षा भई केहीमा आकस्मिक बहाव हुन सक्ने पूर्वानुमान छ ।**
- **साथै बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५ भई बहने अन्य साना नदी जलाधारको केही स्थानमा बर्षा भई केही साना नदीमा बहाब बढ्ने तर सतर्कता तलै हुने पूर्वानुमान छ ।**


**नोट :पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः[http://hydrology.gov.np/](http://hydrology.gov.np/)**

## वर्षाको सारांश

असोज ०८ गते बिहान ०८:४५ बजे देखि असोज ०९ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/०९ गते बिहान ०८:४५ बजे २०० वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ७० र स्वचालितः १३०) मा मापन गरिएको वर्षाको विवरण अनुसार १८० वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१६८ मि. मी.) परासी जिल्लाको सेमरी केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये २ वटा केन्द्रमा १५० मि. मी. भन्दा बढि, ११ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, ३८ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ७१ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ११४ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

## आगामी तीन दिनको मौसम पूर्वानुमान

**असोज ९ गते (शुक्रबार)**

**दिउँसो :** देशभर सामान्य बदली रही केही स्थानहरूमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १ र प्रदेश नं २ का थोरै स्थान तथा बागमती प्रदेश र गण्डकी प्रदेशको एक दुइ स्थानमा भारी वर्षाको सम्भावना रहेको छ ।

**राती :** देशभर सामान्य बदली रही केही स्थानहरूमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, प्रदेश नं २ र गण्डकी प्रदेशका एक दुइ स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ।

**असोज १० गते (शनिबार)**

**दिउँसो :** प्रदेश नं १, प्रदेश नं २, बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश न ५ मा सामान्य बदली रही केही स्थानहरू तथा कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशमा आंशिक बदली रही एक दुइ स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। प्रदेश नं १ र गण्डकी प्रदेशका एक दुइ स्थानहरुमा मध्यम वर्षाको समेत संभावना रहेको छ।

**राती :** प्रदेश नं १, प्रदेश नं २, बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश न ५ मा सामान्य बदली रही केही स्थानहरू तथा कर्णाली प्रदेश र सुदुर-पश्चिम प्रदेशमा आंशिक बदली रही एक दुइ स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। प्रदेश नं १ का एक दुइ स्थानहरुमा मध्यम देखि भारी वर्षाको समेत सम्भावना रहेको छ।

**असोज ११ गते (आइतबार)**

**दिउँसो :** प्रदेश नं १, प्रदेश नं २, बागमती प्रदेश र गण्डकी प्रदेश, मा सामान्य बदली रही थोरै स्थानहरू तथा प्रदेश न ५, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशमा आंशिक बदली रही एक दुइ स्थानहरुमा स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। प्रदेश नं १ का एक दुइ स्थानहरुमा मध्यम वर्षाको समेत सम्भावना रहेको छ।

**राती :** प्रदेश नं १, प्रदेश नं २ र बागमती प्रदेशमा सामान्य बदली रही थोरै स्थानहरू तथा बाँकी प्रदेशहरुमा आंशिक बदली रही एक दुइ स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**गणितिय मौसम पूर्वानुमानमा आधारित तीन दिनसम्मको मौसमको अवस्थाका लागि यो लिंकमा हेर्नुहोला ।**
http://mfd.gov.np/nwp/#/nwp/Precipitation, http://mfd.gov.np/nwp/#/nwp/Wind